सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"
नेपाल राष्ट्र बैंक बाट "ख" वर्ग को इजाजत प्राप्त संस्था
(७ जिल्ला कार्य क्षेत्र भएको)

16520

मिति : २०८३/०२/२४

प.सं. : २०८२/८३
च.न. : ९११३

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार प्लाजा, काठमाडौं
नेपाल ।

विषय : पन्ध्रौं वार्षिक साधारणसभा जानकारी तथा शेयर दाखिला खारेज सम्बन्धमा ।

महाशय,
यस बैंकको सञ्चालक समितिको मिति २०८३/०२/२३ गतेको अपरान्ह १०:०० बजेको बैठक नं.२४९ को निर्णय बमोजिम यस बैंकको पन्ध्रौं वार्षिक साधारणसभा मिति २०८३ असाढ १४ गते, आइतबार बस्ने भएको हुँदा सो प्रयोजनका लागि मिति २०८३/०३/०२ गते संस्थाको शेयर नामसारी दाखिला खारेज दर्ता बन्द (**Book Closure**) रहने व्यवहोरा जानकारीका लागि अनुरोध छ ।

संलग्न : पन्ध्रौं वार्षिक साधारणसभाको विषयसूचीको जानकारी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको सूचना यसै पत्रसाथ संलग्न रहेको व्यवहोरा समेत अनुरोध छ ।

भवदीय,

कुमार खड्का
कम्पनी सचिव

बोधार्थ

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

रजिष्टर्ड कार्यालय, धनकुटा ७, धनकुटा
कर्पोरेट कार्यालय, मेनरोड, विराटनगर, मोरङ
फोन : ०२१-५१८१३५, ५१८१३७ फ्याक्स : ०२१-५१८१४०
Email : info@skdbl.com.np URL : www.skdbl.com.np

## पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२४)

यस बैंकको सञ्चालक समितिको मिति २०८३/०२/२३ गतेको बैठक नं. २४९ को निर्णय बमोजिम यस बैंकको पन्ध्रौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्नानुसारको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिकालागि यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थान**

| | | |
|---|---|---|
| मिति | : | २०८३ असाढ १४ गते, आइतबार |
| समय | : | बिहान ११.०० बजे देखि |
| स्थान | : | होटल रविज, धरान रोड, मुनालपथ, विराटनगर, मोरङ। |

२. **छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश गरिने आ.व.२०८१/८२ समेतको वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने सम्बन्धमा।

२. लेखापरीक्षकको प्रतिवेदन २०८१ र २०८२ साल आषाढ मसान्तको Statement of Financial Position, सोही मितिमा समाप्त आ.व. २०८०/८१ र २०८१/८२ को Statement of Profit or Loss तथा नगद प्रवाह विवरणसहित Notes हरुसमेत पारित गर्ने सम्बन्धमा।

३. लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावहरू :**

१. सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड तथा उपयुक्त अन्य बैंक तथा वित्तीय संस्था सँग एक आपसमा गाभ्ने वा गाभिने (मर्जर) वा प्राप्ति (एक्युजिशन) गर्न आवश्यक भएमा सञ्चालक समितिले नै सम्पूर्ण प्रकृया अवलम्बन गरी कार्य अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने। एक आपसमा गाभ्ने/गाभिने मर्जर वा प्राप्ति प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याकन गर्न मान्यता प्राप्त मूल्याकनकर्ता नियुक्ति गर्ने, निजको प्रारिश्रमिक निर्धारण गर्ने लगायतका सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**(ग) विविध।**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभाको प्रयोजनकालागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०८३/०३/०२ गते देखि मिति २०८३/०३/१४ गते सम्म बन्द रहने छ। सो मिति भन्दा अघि मिति २०८३/०३/०१ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार भई मिति २०८३/०३/०५ गते भित्र यस बैंकको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडबाट शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा दर्ता कायम शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ।
२. सभामा भाग लिन आउने शेयरधनीले सभा कक्षमा प्रवेश गर्नकालागी प्रवेश पत्र वा नागरिकता साथै लिई आउन अनुरोध गरिएको छ। सगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा आधिकारीक पत्र अनिवार्य गरिएको छ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा १ घण्टा अगाडी उपस्थित भै त्यहाँ रहेको उपस्थिती पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ।
४. वार्षिक साधारण सभा भएको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक विवरणहरू सम्बन्धित शेयरधनी महानुभावहरूको ठेगानामा पठाइएको छ सो सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितीकालागि अनुरोध गर्दछौं।
५. सभामा भाग लिन र मतदान गर्नकालागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि पत्र सभा हुनु भन्दा ४८ घण्टा अगावै बैंकको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि नियुक्त भएको व्यक्ति यस बैंकको शेयरधनी हुनु पर्नेछ। प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी आफैंले सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा अगाडी दिईसकेको प्रतिनिधित्व स्वत: बदर हुनेछ।
६. नावालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन्। शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
७. कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट विभाजन गरी वा नगरी प्रतिनिधि नियुक्त गरेको भएमा कसकसको बदर गरिएको हो सो को जानकारी दिनु पर्नेछ अन्यथा सबै प्रतिनिधि बदर हुनेछन्।
८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ३ दिन अगावै लिखित रूपमा बैंकलाई जानकारी दिनु पर्नेछ। यस्तो विषयमा यस बैंकसंग सम्बन्धित र औचित्य हेरेर आवश्यक भएमा मात्र छलफलकालागि समावेश गरिनेछ।
९. कम्पनी ऐन बमोजिमको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन शेयरधनीले निरिक्षण वा प्राप्त गर्न चाहेमा बैंकको कर्पोरेट कार्यालयबाट उपलब्ध गराउन सकिने छ।
१०. साधारण सभा सम्बन्धी अन्य जानकारी तथा वार्षिक प्रतिवेदन सम्बन्धी विवरणहरू बैंकको वेभसाइट www.skdbl.com.np वा बैंकको कर्पोरेट कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्नसक्नु हुनेछ।
११. सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

SAPTAKOSHI DEVELOPMENT BANK